सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान

कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२

च.न.

मिति २०८१/१०/२४ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१.अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

२.राष्टपति रनिङ शिल्ड संचालन सम्बन्धमा ।

३. अधिकृत (सातौ तह) को तह कायम सम्बन्धमा ।

४. सि.अ.न.मी. कमला वलीको अध्यायन विदा स्वीकृत सम्बन्धमा ।

५. आधारभुत तह उतिर्ण परीक्षा संचालन समिति गठन सम्बन्धमा ।

६. अधिकृत छैटौं राजेश बोहराको काज फिर्ता सम्बन्धमा ।

७. आर्थिक सहायता सम्बन्धमा ।

८. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८१/०९/२९ गते बसेको गाउँ कार्यपालिकाको आठौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ राष्ट्रपति रनिङ शिल्ड संचालन सम्बन्धमा।**

**निर्णय नं २:**

प्रत्येक वर्ष गाउँपालिका द्धारा आयोजना गर्दै आएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यस शैक्षिक बर्ष २०८१ का लागि मिति २०८१फाल्गुन ४-६ गते सम्म श्री महेन्द्र आदर्श मावि बाँझकाँडाको प्राङगणमा संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ अधिकृत (सातौ तह) तह कायम सम्बन्धमा ।**

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपालिका र अन्य स्थानीय तहको दोहरो सहमतिका आधारमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्धारा यस गाउँपालिकामा कामकाज गर्ने गरि खटिएका देहायका कर्मचारीहरुले खटिएकै गाउँपालिकामा पदस्थापनाका लागि सहमति पाउँ भनी निबेदनका आधारमा निजहरुलाई कर्णाली प्रदेशको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा १३६ को उपदफा (२) बमोजिम मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय सुर्खेत द्धारा पदास्थापना भइ सकेकोले सोही ऐनको दफा ८ को उपदफा (१), (४) र "स्थानीय सेवा (गठन तथा सञ्चालन) नियामावली, २०८१" को नियम १४ उपनियम (६) बमोजिम मिति २०८१/१०/०४ गते देखि लागु हुने गरी देहायको तह कायम गर्ने निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नाम थर | सेवा/ समुह | साविकको पद/तह | कायम गरिएको पद/तह | जेष्ठता लागु हुने मिति |
|---|---|---|---|---|---|
| १. | श्री प्रतिभा वली (खड्का) | शिक्षा प्रशासन | अधिकृत छैटौं | बरिष्ठ शिक्षा अधिकृत (सातौं) | २०७७/११/०६ |

**प्रस्ताव नं ४ सि.अ.न.मी. कमला वलीको अध्ययन विदा स्वीकृत सम्बन्धमा।**

**निर्णय नं ४**

यस गाउँपालिका स्वास्थ्य चौकी बाँझकाँडामा कार्यरत सि.अ.न.मी.पाँचौ तह श्री कमला वली (क.स.नं. २२१४४५) ले त्रिभुवन विश्वविद्यालय अन्तर्गत शैक्षिक वर्ष २०८१/८२ मा संचालन हुने स्नातक तह BNS विषयमा अध्यायनका लागी चिकित्सा शिक्षा आयोग द्धारा मिति २०८१।०५।०४ लिएको प्रबेश परीक्षामा निर्धारित विद्यार्थी कोटा अन्तर्गत पुर्ण छात्रवृति तर्फ प्रबेश परीक्षा उतिर्ण गरी महाराजगंज नर्सिङ क्याम्पस काठमाण्डौंमा भर्ना भएको र नेपाल सरकार (सचिव स्तर) को मिति २०८१/०९/२३ को निर्णय अनुसार मनोनयन समेत भइसकेकोले निजलाई कर्णाली प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) नियामावली, २०८१" को नियम ९२ उपनियम (२) बमोजिम अध्यायन विदा स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ५ आधारभुत तह उतिर्ण परीक्षा संचालन समिति गठन सम्बन्धमा ।**

**निर्णय नं ५**

सिद्ध कुमाख गाउँपालिका स्तरिय आधारभुत तह उतिर्ण परीक्षा ( कक्षा ५ समेत) लाई ब्यवस्थित र मर्यादित रुपमा संचालन गर्न देहायको परीक्षा संचालन समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत श्री डिल्ली खड्का | - संयोजक |
| २. शिक्षा अधिकृत श्री प्रतिभा वली खड्का | - सदस्य |
| ३. प्रा.स. श्री चेतना थापा | - सदस्य |
| ४. प्र.अ. श्री हरिहर बुढाथोकी | - सदस्य |
| ५. प्र.अ.श्री अर्जुन गिरी | - सदस्य |
| ६. शिक्षक श्री बुद्धि कवर | - सदस्य |
| ७. शिक्षक श्री नविन चलाउने | - सदस्य |

**प्रस्ताव नं ५ अधिकृत छैटौं राजेश बोहराको काज फिर्ता सम्बन्धमा।**

**निर्णय नं ५**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०९/०४ को निर्णय अनुसार परिवर्तन गाउँपालिका रोल्पाबाट सिद्ध कुमाख गाउँपालिका सल्यानमा कामकाज गर्ने गरी खटि आएका अधिकृत छैटौं श्री राजेश बोहरालाई निजको पदाधिकार रहेको कार्यालय परिवर्तन गाउँपालिका रोल्पामा काज फिर्ता गर्ने निर्णय गरियो ।